# नेपाल सरकार
# शिक्षक सेवा आयोग
# सानोठिमी, भक्तपुर

**<u>अध्यापन अनुमतिपत्र वितरण सम्वन्धी सूचना</u>**

शिक्षक सेवा आयोगले शिक्षा ऐन, २०२८ (संशोधन सहित) र शिक्षक सेवा आयोग नियमावली २०५९ (संशोधन सहित) को अधिनमा रही २०७६ साल आषाढमा प्रकाशित विज्ञापन अनुसार लिइएको अध्यापन अनुमति पत्रको परीक्षामा सफल उम्मेदवाहरुलाई वितरण गरीने अध्यापन अनुमति पत्र मिति **२०७७।६।१४** गतेबाट सम्वन्धित प्रदेशको शिक्षा विकास निर्देशनालयबाट अध्यापन अनुमतिपत्र वितरण गरीनेहुदा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकशित गरिएको छ ।

१. तपशिलमा उल्लेख जिल्लाका उम्मेदवारहरुले सम्बन्धित शिक्षा विकास निर्देशनालयमा सम्पर्क राख्नु पर्नेछ ।

क. **शिक्षा विकास निर्देशनालयधनकुटा**: ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, मोरङ, सुनसरी, सोलुखुम्वुखोटाङ, ओखलढुंगा, उदयपुर ।

**ख. शिक्षा विकास निर्देशनालयधनुषा**: सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा

**ग. बाग्मतीशिक्षा विकास निर्देशनालयहेटौंडा**: दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काभ्रेपलान्चोक, भक्तपुरकाठमाडौं, ललितपुर, मकवानपुर, चितवन

**घ. गण्डकी शिक्षा विकास निर्देशनालयपोखरा**: नवलपरासी पुर्व, गोरखा, मनाङ, लमजुङ, कास्कीतनहुँस्याङ्जा, मुस्ताङ, म्याग्दी, वाग्लुङ, पर्वत ।

**ङ. शिक्षा विकास निर्देशनालय वुटवल**: पाल्पा, गुल्मी, अर्घाखाँची, रुपन्देही, कपिलबस्तु, रोल्पा, प्यूठान, दाङ, बांके, बर्दिया, नवलपरासी पश्चिम, रुकुमपुर्व

**च. कर्णालीशिक्षा विकास निर्देशनालयसुर्खेत**: रुकुमपश्चिम, सल्यान, हुम्ला, मुगु, डोल्पा, कालिकोट, जुम्ला, जाजरकोट, दैलेख, सुर्खेत ।

**छ. सुदरपश्चिम शिक्षा विकास निर्देशनालय, धनगडी**: बाजुरा, बझाङ, अछाम, डोटी, कैलाली, दार्चुला, बैतडी, डडेलधुरा, कन्चनपुर ।

२. अध्यापन अनुमति पत्र माग गर्नको लागि निवेदनको ढाँचा सम्वन्धित निर्देशनालयबाट प्राप्त गर्न सकिनेछ ।

3. अध्यापन अनुमति पत्र लिन सम्वन्धित व्यक्ति आफै उपस्थित हुन पर्ने छ यदि कारणबस उपस्थित हुन नसकेमा उपस्थित हुन नसकेको कारण खुलाई निजको मन्जुरीनामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

4. यसप्रकारकोअध्यापन अनुमति पत्र पहिलोपटकप्राप्त गर्नको लागि कुनै पनि राजस्व वा शुल्क लाग्ने छैन।

5. अध्यापन अनुमति पत्र प्राप्त गर्नको लागि आवश्यक कागजातहरुको फोटो कपी उम्मेदवार आफैले प्रमाणित गर्ने र रुजुको लागि सक्कल कागजात पेश गर्नू पर्नेछ ।

६. निवेदनको साथमा अटो साइजको दुइ प्रति फोटो अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।

7. अध्यापन अनुमतिपत्र लिनको लागि पेश गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, प्रवेश पत्रको प्रतिलिपि र विज्ञापनगत रूपमा तपसिल बमोजिमका शैक्षिक योग्यताका प्रमाणपत्रहरू (प्रवेशिका परीक्षा देखि तोकिएको न्युनतम शैक्षिक योग्यता उत्तिर्ण गरेका प्रमाणपत्रहरू) संलग्न गर्नुपर्नेछ।

**क) विज्ञापन नं. ३२/०७६ प्राथमिक तह :-**

१. कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्णगरेको प्रमाणपत्रको प्रतिलिपि

२. शिक्षा विषयमा न्यूनतम १० महिने अवधिको तालिम पूरा गरेको वा शिक्षा विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

**ख) विज्ञापननं. ३३/०७६ निम्नमाध्यमिक तह :-**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम २००पूर्णाङ्क बराबरको पाठ्यभार सहित प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

२. शिक्षा विषयमा न्यूनतम१० महिनाको तालिम पूरा गरेको वा शिक्षा विषयमा प्रवीणता प्रमाण पत्र वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

**ग) विज्ञापन नं. ३४/०७६ माध्यमिक तह:**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम ३००पूर्णाङ्क बराबरको पाठ्यभार सहित स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र

२. शिक्षा विषयमा न्यूनतम १० महिनाको तालिम पूरा गरेको वा स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

**घ) विज्ञापन नं. ३५/०७६ माध्यमिक तह:**

१.मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा न्यूनतम ३०० पूर्णाङ्क बराबरको पाठ्यभार सहित स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

२.साविक उच्च मा.वि.मा कार्यरत शिक्षकको हैसियतले हासिल गरेको अस्थायी अध्यापन अनुमति पत्रको सक्कल प्रति

**ङ) विज्ञापननं. ३६/०७६ माध्यमिक तह:**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रीकल इन्जिनियरिङ्ग, सिभिल इन्जिनियरिङ्ग, गणित, अंग्रेजी, कार्यालय सञ्चालन र लेखा, कानून, कृषि विज्ञान, वा पशु विज्ञान विषयमा न्यूनतम ३०० बराबरको पाठ्यभार पूर्णाङ्क सहित स्नातकोपाधि हासिल गरेको प्रमाणपत्रको प्रतिलिपि

**पुनश्चः**

1. विदेशी शैक्षिक संस्थाबाट उत्तिर्ण गरेको शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
2. विश्वव्यापी महामारीको रुपमा लिइरहेको कोभिड १९ बाट बच्नको लागि आवश्यक सावधानी अपनाउन हुन सबैलाई अनुरोध छ।